# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## धनगढी,कैलाली

## सुदूर पश्चिम प्रदेश,नेपाल

प.स./रा.०८१।०८२
च.नं.

**यस धनगढी उपमहानगरपालिकाको स्वामित्वमा रहेको घर कोठाहरूलाई ठेक्कामा दिने सम्बन्धी १५ दिने सूचना ।**

**प्रथम पटक प्रकाशित मिति: २०८१।५।१९**

**ठेक्का न.R 3/DSMC/081/082**

धनगढी उपमहानगरपालिकाको स्वामित्वमा रहेका तपसिलमा उल्लेखित कोठाहरू तथा सटरहरूलाई लाई सम्झौता भएको मिति देखि लागु हुने गरी दश (१०) बर्षका लागि प्रत्येक २।२ बर्षमा वृद्धि भएको रकममा नै वृद्धि हुने गरि बहालमा दिने निर्णय भएको हुंदा इच्छुक व्यक्ति,(नेपाली नागरिक) फर्म वा कम्पनीहरूबाट देहायको शर्त भित्रको आधिनमा रही १५ (पन्ध्र) दिन भित्र सिलबन्दी दरभाउ पत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू**

१. घर कोठाको मासिक बहालको न्यूनतम बढाबढ अंक तपसिल अनुसार कायम गरिएको छ ।

| प्याकेज न. | बिवरण | ठेक्काका लागि मासिक न्युनतम भाडा बहाल कर सहित |
|---|---|---|
| १ | ध.उ.म.न.पा.कार्यालय भवनको पश्चिम पट्टी रहेको भवनको माथिल्लो तलाको ब्लक ए,सि र डि | ३९९०५। |
| २ | ध.उ.म.न.पा.कार्यालय भवनको माथिल्लो तलाको ब्लक ई र एफ | १८३००। |
| ३ | ध.उ.म.न.पा.कार्यालय भवनको माथिल्लो तलाको ब्लक बि | ९१५३। |
| ४ | सटर कोठा न. ७ | २०,०००। |
| ५ | सटर कोठा न. १५ | १६३९०। |
| ६ | वडा न.१८,एन.एस स्टेडिमयम नामक भवन | ४२७५१। |

२. दरभाउ पत्र फाराम सूचना प्रकाशित भएको मितिबाट १५ दिन भित्र कार्यालय समयमा प्रति प्याकेज टेन्डर दस्तुर बापत रू. १०००।- (एक हजार मात्र फिर्ता नहुने गरी) बुझाई यस उप-महानगरपालिकाको राजस्व शाखाबाट खरिद गर्न सकिने छ ।

३. फर्म वा कम्पनीहरूले ठेक्का प्रकृयामा समावेश हुनका लागि धनगढी उ.म.न.पा मा फर्म वा कम्पनीको दर्ता तथा नविकरणको प्रमाण पत्र र आ.व. २०७९।०८० को आन्तरिक राजश्व कार्यालयको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा यो लागु हुने छैन ।

४. सूचना प्रकाशित मितिबाट १६ औं दिन दिनको दिउंसो १२.०० बजे भित्र दरभाउ पत्र कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । रितपूर्वक दर्ता हुन आएका दरभाउ पत्र सोहि दिन

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## धनगढी,कैलाली

## सुदूर पश्चिम प्रदेश,नेपाल

प.स./रा.०८१।०८२
च.नं.

दिउंसो २.०० बजे सम्बन्धित व्यक्ति,फर्म/कम्पनी वा निजले तोकेको प्रतिनिधिको रोहवरमा खोलिने छ । तर सम्बन्धित व्यक्ति, फर्म/कम्पनी वा निजले तोकेका प्रतिनिधहरू उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

५. यदि दरभाउ पत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सो सम्बन्धि कार्य गरिनेछ ।

६. कुनै पनि व्यक्ति वा संस्थाको दररेट पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

७. दरभाउ पत्र साथ जमानत वापत आफूले कवोल गरेको रकमको एक वर्षले हुन आउने रकमको ५ प्रतिशत रकम यस धनगढी उप-महानगरपालिका कार्यालयको रा.बा.बैंक धनगढीमा रहेको धरौटी खाता नं. ४१७०१००३०३००००० मा नगदै जम्मा गरेको सक्कल भौचर वा दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट धनगढी उप-महानगरपालिकाको नाममा जारी गरिएको बैंक जमानत पेश गर्नु पर्नेछ ।

८. बहालमा लिने व्यक्ति वा संस्थाले कोठाको बहाल सम्झौता गर्दा आफूले कबोल गरेको रकमको ६ महिना बराबरको हुन आउने रकम धरौटी बाफत जम्मा गर्नु पर्नेछ ।

९. बहाल सम्झौता अवधि १० वर्षको हुनेछ साथै प्रत्येक २।२ बर्षमा सम्झौता नविकरण गर्नु पर्नेछ ।

१०. हाल कायम रहेको संरचनाको मर्मत सम्भार सम्बन्धी सम्पूर्ण कार्य बहालमा लिने पक्षको नै हुने छ ।

११. संरचना भाडामा लिने व्यक्ति,फर्म वा कम्पनीले कानूनले निषेध गरेको ब्यवसाय संचालन गर्न पाउने छैन ।

१२. बहाल सम्झौता भई सकेपछि बहालमा लिएका संरचनाहरूमा बिजुली, खानेपानी, मर्मत सम्भार र सरसफाई कर लगायत सम्बन्धी सम्पूर्ण खर्च बहालमा लिने पक्षले नै व्यहोर्नु पर्ने छ ।

१३. यस सूचनामा उल्लेख नभएका कुरा कार्यालयको निर्णय र प्रचलित ऐन, कानून बमोजिम हुनेछ । साथै कुनै विवाद उत्पन्न भएमा कार्यालयको निर्णय नै अन्तिम हुनेछ ।

१४. यो सूचना धनगढी उप-महानगरपालिकाको वेव साईट www.dhangadhimun gov.np बाट पनि हेर्न सकिनेछ र थप जानकारीका लागि यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न सकिने छ ।

नरेन्द्र बहादुर खाती
प्रमुख प्रशासकीय अधिकृत